# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, असोज ०४ गते, २०७८ साल (अतिरिक्ताङ्क १४


## भाग-३

### कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिद्‌को कार्यालय

### मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना:** कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सामूदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुऱ्याउन मुख्यमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ को दफा ९ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले दफा ३ बमोजिमको क्षेत्रमा सञ्चालन हुने आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम सम्झनु पर्छ र सो शब्दले विषयगत मन्त्रालयबाट सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम शीर्षक अन्तर्गतका कार्यक्रमलाई समेत जनाउँछ।

(ग) "निर्देशक समिति" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को दफा ९ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(घ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनु पर्छ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ङ) "व्यवस्थापन इकाई" भन्नाले दफा १० बमोजिमको मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाई सम्झनु पर्छ।

परिच्छेद-२

**कार्यक्रमको क्षेत्र तथा आयोजना छनौट**

३. **कार्यक्रमको क्षेत्रः** कार्यक्रम अन्तर्गत देहायका क्षेत्रमा आयोजना सञ्चालन गर्न सकिनेछः-

**(क)** सडक,

**(ख)** सिंचाई,

**(ग)** खानेपानी,

**(घ)** नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण,

**(ङ)** ताल तलैया, जलाशय निर्माण तथा संरक्षण,

**(च)** खेल मैदान,

**(छ)** विद्यालय (वन (कम्पाउण्ड, फेन्सिङ समेत),

**(ज)** कृषि (सडक, सिँचाई, सामूहिक भवन, सामूहिक तथा सहकारी खेती समेत),

**(झ)** स्वास्थ्य भवन,

**(ञ)** लघु जलविद्युत विकास,

**(ट)** पर्यटन पूर्वाधार।

४. **आयोजना छनौटको प्रक्रियाः** (१) व्यवस्थापन इकाईले आयोजनाको माग सङ्कलन गर्ने प्रयोजनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय र स्थानीयस्तरको पत्रिकामा पन्ध्र दिन

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अवधिको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचना मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा राखी सूचनापाटीमा समेत टाँस गर्नु पर्नेछ।

(२) उपदफा (१) को सूचना बमोजिम आयोजना माग पेश गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा सूचनामा उल्लेख भए बमोजिमको इमेल ठेगाना वा सफ्टवेयर प्रणाली मार्फत गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलित आयोजनाको व्यवस्थापन इकाईले अनुसूची-३ बमोजिम सूची तयार गरी निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) निर्देशक समितिले उपदफा (३) बमोजिम पेश भएका आयोजना दफा ५ बमोजिमका आधारमा छनौट गरी अनुसूची-४ बमोजिमको ढाँचामा स्वीकृत गर्नेछ।

(५) यस दफा बमोजिम आयोजना माग नभएको वा माग भएको आयोजना छनौट योग्य नदेखिएको अवस्थामा निर्देशक समितिले आवश्यकता र औचित्यताको आधारमा उपयुक्त आयोजना छनौट गर्न सक्नेछ।

(६) निर्देशक समितिले आयोजना छनौट तथा बजेट बाँडफाँट सम्बन्धी कार्य असोज मसान्तभित्र गरिसक्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम बजेट बाँडफाँट गर्दा कर्णाली प्रदेशका वडास्तरको जनसंख्या, भौगोलिक विकटता, गरिबी लगायतका आधारमा समन्यायिक रुपमा गर्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिम आयोजना छनौट तथा बजेट बाँडफाँट सम्बन्धी निर्णय परिवर्तन गर्न पाइने छैन।

(९) उपदफा (२) बमोजिम आयोजना माग गर्दा एकाघरका परिवार बाहेक कम्तीमा सात जना व्यक्ति संलग्न भई आयोजना माग गर्नु पर्नेछ। त्यसरी आयोजना माग गर्ने व्यक्तिले यस कार्यविधि बमोजिमको अन्य आयोजना माग गर्न पाउने छैन।

५. **आयोजना छनौटका आधारः** (१) निर्देशक समितिले आयोजना छनौट गर्दा देहायका आधारमा छनौट गर्नु पर्नेछः-

(क) आयोजनाबाट लाभान्वित हुने जनसंख्या,

(ख) दिगो र अधिकतम् रोजगारी सिर्जना हुने आधार,

(ग) आयोजनाको प्रतिफल वा लाभ तथा आयोजनाको दिगोपना,

(घ) स्थानीयस्तरमा सिर्जना हुने रोजगारी तथा स्थानीय सामाग्रीको प्रयोग,

(ङ) युवा, महिला, दलित र विपन्न समुदायको रोजगारी प्रवर्द्धन,

(च) अधिकतम प्रतिशतको लागत साझेदारी।

(२) उपदफा (१) बमोजिमको आधारका अतिरिक्त निर्देशक समितिले आयोजना छनौटका थप आधार तथा मापदण्ड निर्धारण गर्न सक्नेछ।

(३) निर्देशक समितिले आयोजना छनौट गर्दा एक वडामा कम्तीमा एउटा आयोजना पर्ने गरी छनौट गर्नु पर्नेछ।

(४) निर्देशक समितिले आयोजना छनौट गर्ने प्रयोजनका लागि उपदफा (१) र (२) बमोजिमका आधार लिई आवश्यक सूचक र भार निर्धारण गर्नु पर्नेछ।

## परिच्छेद-३

## आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्था

६. **आयोजनाको कार्यान्वयनः** (१) यस कार्यविधि बमोजिम छनौट भएका आयोजनाको कार्यान्वयन सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(२) यस कार्यविधि बमोजिम स्वीकृत आयोजनाको कार्यान्वयन स्थानीय तहले गर्ने भएमा सशर्त अनुदानको रूपमा र अन्य निकायले आयोजना कार्यान्वयन गर्ने भएमा बजेट निकासा कार्तिक पन्ध्र गतेभित्र उपलब्ध गराउनु पर्नेछ।

(३) आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिकको पारिश्रमिक निजको बैंक खातामा अनिवार्य रूपमा जम्मा गर्नु पर्नेछ।

(४) आयोजना कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धित स्थानीय तह र प्रदेश सरकारका सम्बन्धित विषयगत कार्यालयले गर्नेछ।

(५) उपदफा (१) बमोजिम स्थानीय तहबाट आयोजना कार्यान्वयन हुन नसक्ने अवस्था भएमा सम्बन्धित विषयगत कार्यालय वा अन्य निकाय मार्फत कार्यान्वयन गराउन सकिनेछ।

(६) कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्रशासनिक र सहजकर्ताको खर्च कार्यक्रममा विनियोजित बजेटबाट गरिनेछ।

७. **श्रमिक ज्याला तथा सामग्री लागत अनुपातः** आयोजना सञ्चालन गर्दा श्रमिकको ज्याला तथा सामग्री लागत अनुपात अनुसूची-५ बमोजिम हुनेछ।

८. **आयोजना कार्यान्वयनका शर्तः** आयोजना कार्यान्वयन गर्ने निकायले देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) आयोजना कार्यान्वयन सम्बन्धी खर्चका बिल, भरपाई, लागत अनुमान, नापी किताव, प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन, आयोजनाका तस्विर, सार्वजनिक लेखापरीक्षण प्रतिवेदन, अनुगमन प्रतिवेदन, आयोजना कार्यान्वयनका अन्य पुष्ट्याई गर्ने कागजात समेतका आधारमा भुक्तानी दिने,

(ख) आयोजनाको कम्तीमा दुई पटक अनुगमन गर्ने,

(ग) आयोजना कार्यान्वयन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) आयोजना सम्पन्नको प्रगति प्रतिवेदन व्यवस्थापन इकाईमा पेश गर्ने,

(ङ) निर्देशक समितिबाट स्वीकृत भएका आयोजना मात्र कार्यान्वयन गर्ने,

(च) सम्बन्धित स्थानीय तहले कार्यक्रम सहजकर्तालाई कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्न आवश्यक सहयोग गर्ने।

परिच्छेद-४

**व्यवस्थापन इकाई सम्बन्धी व्यवस्था**

९. **व्यवस्थापन इकाइः** (१) कार्यक्रमको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालयमा एक मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाई रहनेछ।

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले व्यवस्थापन इकाईको संयोजक तोक्ने तथा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ।

१०. **<u>व्यवस्थापन इकाईको काम, कर्तव्य र अधिकारः</u>** व्यवस्थापन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको विवरण तयार गर्ने,

(ख) सङ्कलित आयोजनाको विश्लेषण गर्ने,

(ग) आयोजनाको सूची तयार गरी निर्देशक समितिमा पेश गर्ने,

(घ) स्वीकृत आयोजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ङ) कार्यक्रमको प्रगति अभिलेख अद्यावधिक राख्ने,

(च) कार्यक्रमको सूचना सम्प्रेषण गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा आवश्यक अनुगमन, समन्वय तथा सहजीकरण गर्ने वा गराउने,

(ज) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

## परिच्छेद-५

## विविध

११. **<u>कन्टिन्जेन्सी खर्चः</u>** (१) आयोजना कार्यान्वयन गर्ने निकायले यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनामा विनियोजित

बजेटको बढीमा दुई प्रतिशत रकम कन्टिन्जेन्सी खर्चमा प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी खर्चबाट सम्बन्धित आयोजनाको अनुगमन तथा मूल्याङ्कन, श्रमिकको सामूहिक दुर्घटना बीमा, प्राविधिकको पारिश्रमिक र प्रशासनिक शीर्षकहरूमा मात्र खर्च गर्नु पर्नेछ।

१२. **<u>सहजकर्ता सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन, समन्वय, सहजीकरण तथा प्रतिवेदन गर्ने कार्यको लागि व्यवस्थापन इकाईले आवश्यकता र औचित्यताको आधारमा सहजकर्ता नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने सहजकर्ता छनौटका आधार, योग्यता, प्रक्रिया, सेवाका शर्त तथा सुविधा निर्देशक समितिले तोके बमोजिम हुनेछ।

(३) कार्यक्रम सञ्चालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम इकाई र त्यसमा कार्यरत जनशक्तिबाट आवश्यक सहयोग लिन सकिनेछ र त्यसरी सहयोग लिंदा त्यस्तो कार्यक्रम इकाईका जनशक्तिलाई निर्देशक समितिले तोके बमोजिम दोहोरो नपर्ने गरी आवश्यक प्रोत्साहन उपलब्ध गराउन सकिनेछ।

१३. **<u>सूचना प्रविधिको प्रयोगः</u>** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न रोजगार आयोजनाको माग संकलन, विश्लेषण तथा प्रतिवेदन समेतका कार्य गर्न सूचना प्रविधिको प्रयोग गर्न सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१४. **<u>सार्वजनिक लेखापरीक्षणः</u>** (१) आयोजना कार्यान्वयन गर्ने निकायले अन्तिम भूक्तानी गर्नु पूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भर्पाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक लेखापरीक्षण गराउँदा आम उपभोक्ता, स्थानीय जनप्रतिनिधि, सामूदायिक संस्थाका प्रतिनिधि र सम्बन्धित स्थानीय तहले तोकेको कर्मचारीको सहभागिता गराउनु पर्नेछ। स्थानीय तहले कर्मचारी तोक्दा सम्भव भएसम्म अधिकृतस्तरको कर्मचारी तोक्नु पर्नेछ।

१५. **<u>ठेक्का पट्टा गर्न नपाइनेः</u>** आयोजनाको सञ्चालन ठेक्का पट्टा वा तेस्रो पक्ष मार्फत गर्न वा गराउन पाइने छैन।

१६. **<u>सामूहिक दुर्घटना बीमाः</u>** आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिकको सामूहिक दुर्घटना बीमा गर्न सक्नेछ।

१७. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग, जिल्ला समन्वय समिति, सम्बन्धित स्थानीय तह र विषयगत कार्यालयले गर्न सक्नेछ।

(२) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सूचक, मापदण्ड तथा प्रक्रिया मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोके बमोजिम हुनेछ।

१८. **<u>वित्तीय उत्तरदायित्व र जिम्मेवारीः</u>** (१) वित्तीय अनुशासन कायम गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र सम्परीक्षण गराउने उत्तरदायित्व आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ।

(२) आयोजनामा विनियोजित बजेटबाट सेवा परामर्श, सहजकर्ता र प्राविधिकको पारिश्रमिक बाहेक कुनै प्रकारको तलब, भत्ता, चन्दा, पुरस्कारमा खर्च गर्न पाइने छैन।

(३) आयोजनाको कार्यान्वयन चालु आर्थिक वर्षभित्र सम्पन्न गर्नु पर्नेछ।

१९. **सहयोग गर्नु पर्नेः** कार्यक्रम कार्यान्वयनको सरोकारवाला निकायबाट हुने निरीक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा आयोजना कार्यान्वयन गर्ने निकायले सहयोग गर्नु पर्नेछ।

२०. **रकमान्तर गर्न नपाइनेः** निर्देशक समितिबाट यस कार्यविधि बमोजिम एक पटक आयोजनागत बजेट बाँडफाँट भइसकेपछि पुनः सोही आयोजनाको शीर्षकबाट रकमान्तर गर्न पाइने छैन।

२१. **बाधा अड्काउ फुकाउनेः** कार्यक्रम कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा अड्काउ उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२२. **हेरफेर तथा थपघट गर्न सक्नेः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

२३. **खारेजी र बचाउः** (१) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## <u>मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना पेश गर्ने सम्बन्धी सूचना</u>

कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाई

## <u>मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना पेश गर्ने सम्बन्धी सूचना</u>

कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा सघाउ पुऱ्याउन कर्णाली प्रदेश सरकारको विशेष कार्यक्रम अन्तर्गत मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत देहायका क्षेत्रमा कर्णाली प्रदेशका नगरपालिका र गाऊँपालिकाको प्रत्येक वडामा कम्तीमा एउटा आयोजना सञ्चालन गरिने हुँदा इच्छुक उपभोक्ता समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र देहायको प्रक्रिया पूरा गरी आयोजना माग गर्नु हुन मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

१. **<u>आयोजनाका क्षेत्रः</u>**

**(क)** सडक,

**(ख)** सिंचाई,

**(ग)** खानेपानी,

**(घ)** नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण,

**(ङ)** ताल तलैया, जलाशय निर्माण तथा संरक्षण,

**(च)** खेल मैदान,

**(छ)** विद्यालय (वन (कम्पाउण्ड, फेन्सिङ समेत),

**(ज)** कृषि (सडक, सिँचाई, सामूहिक भवन, सामूहिक तथा सहकारी खेती समेत),

**(झ)** स्वास्थ्य भवन,

**(ञ)** लघु जलविद्युत विकास,

**(ट)** पर्यटन पूर्वाधार।

२. **<u>आयोजना माग गर्दा अपनाउनु पर्ने प्रकियाः</u>**

(क) मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को अनुसूची-२ बमोजिमको ढाँचामा आयोजना माग गर्नु पर्नेछ। (ढाँचा वेबसाइटमा उपलब्ध छ)

(ख) आयोजना माग गर्दा कम्तीमा एकाघर बाहेकका सात जना उपभोक्ताको समूह बनाई माग गर्नु पर्नेछ। एक समूहमा आवद्ध भएको व्यक्तिले अर्को समूहमा आवद्ध भई आयोजना माग गर्न पाउने छैन।

(ग) आयोजना मिति ........... गते अपरान्ह पाँच बजेभित्र माग गरिसक्नु पर्नेछ। म्याद नाघी आएका र कार्यालयमा भौतिक रुपमा पेश हुन आएका माग उपर कुनै कारबाही हुने छैन।

३. **<u>आयोजना पेश गर्ने विधिः</u>** cmep.karnali.gov.np वेबसाइट मार्फत आयोजना पेश गर्नु पर्नेछ।

**<u>थप जानकारीका लागि सम्पर्कः</u>**

............., मोबाइल नं......, इमेलः cmep.karnali@gmail.com

वेबसाइट www.cmep.karnali.gov.np,

www.ocmcm.karnali.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**आयोजनाको माग फाराम**

१. आयोजनाको नाम र सञ्चालन हुने स्थानः

२. आयोजनाको उद्देश्य र आवश्यकताः

३. आयोजनाको क्षेत्रः

४. आयोजनाको अनुमानित लागत रकमः

५. आयोजनामा लागत साझेदारी हुने वा नहुने (हुने भए कसको के कति लागत सहभागिता हुने हो, सो खुलाउने)

६. आयोजना अन्तर्गत हुने मुख्य कार्यहरुको विवरणः

(क) .....

(ख) .....

७. आयोजना कार्यान्वयन शुरु र सम्पन्न हुने मितिः

८. लाभान्वित जनसंख्याः ......, पुरूष ......, महिला ....... (अल्पसंख्यक ......, अपाङ्गता भएका व्यक्ति ........., दलित ......., आदिवासी जनजाति ........ र अन्य ......)

९. दिगो रोजगारी सृजना हुने आधारः

१०. आयोजनाबाट प्राप्त हुने प्रतिफलः

११. आयोजनाबाट सृजित हुने रोजगारी (श्रमिक संख्या) ...... पुरूष ...... महिला (अल्पसंख्यक ......, अपाङ्गता भएका व्यक्ति ......., दलित ......., आदिवासी जनजाति ........ र अन्य ......)

१२. आयोजनामा प्रयोग हुने निर्माण सामग्री विवरणः

(क) बाह्य सामग्रीः

(ख) स्थानीय सामग्रीः

**१३.** आयोजनाको अवस्थाः मर्मत सम्भार गर्नुपर्ने/अधुरो/नयाँ

**१४.** आयोजना कार्यान्वयनमा कुनै समस्या वा विवाद नभएको वा नहुने सुनिश्चितता पुष्टी हुने कागजात (कबुलियत वा स्वःघोषणा वा स्थानीय तहको प्रतिवद्धता/सिफारिस वा सामूहिक भेलाको निर्णय)

**१५.** आयोजना माग गर्ने व्यक्तिको नाम, पद, ठेगाना, फोन नं. र इमेल ठेगानाः

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. | बाजेको नाम थर | बाबुको नाम थर | फोन नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |

## अनुसूची-३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**आयोजनाको सूची सम्बन्धी फाराम**

जिल्लाः .......................

स्थानीय तहः...........................

| क्र.सं. | आयोजनाको नाम (मुख्य क्रियाकलाप) | वडा नं. | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| .. | | | | |

तयार गर्ने　　　　पेश गर्ने　　　　प्रमाणित गर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-४

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

## निर्देशक समितिबाट स्वीकृत आयोजनाको सूची सम्बन्धी फाराम

जिल्लाः .........................

स्थानीय तहः .................................

| क.सं. | आयोजनाको नाम | वडा नं. | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| .. | | | | |

पेश गर्ने　　　　प्रमाणित गर्ने　　　　निर्देशक समितिको संयोजकस

निर्देशक समितिको निर्णय मितिः

# अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

## श्रम तथा सामग्री अनुपात

| क्र.सं. | कार्यक्रम/ कार्यान्वयनको क्षेत्र | | श्रम (प्रतिशतमा) | सामग्री (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | सडक | नयाँ ट्र्याक खोल्ने/कच्ची नाला निर्माण | ७० | ३० |
| | | मर्मत/स्तरोन्नति | ६० | ४० |
| | | पक्की सडक/पक्की नाला निर्माण | ५० | ५० |
| २. | भवन (कम्पाउण्ड, फेन्सिङ्ग समेत) | | ५० | ५० |
| ३. | खेल मैदान | | ७० | ३० |
| ४. | पक्की सिंचाई कुलो | | ५० | ५० |
| ५. | लिफ्ट/सोलार सिंचाई | | ३० | ७० |
| ६. | नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण, | | ५० | ५० |
| ७. | ताल तलैया, जलाशय निर्माण तथा संरक्षण | | ६० | ४० |
| ८. | खानेपानी | | ४० | ६० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | |
|---|---|---|---|
| ९. | ओखर बाहेकका फलफूल तथा जडिबुटी खेती (सामूहिक) | ७० | ३० |
| १०. | ओखर खेती | ३० | ७० |
| ११. | उन्नत जातको स्याउ खेती | ५० | ५० |
| १२. | लघु जलविद्युत विकास | ४० | ६० |
| १३. | पर्यटन पूर्वाधार | ६० | ४० |
| १४. | गत आ.व. मा सञ्चालित मुख्यमन्त्री रोजगार कार्यक्रमका अधुरा आयोजना | ६० | ४० |

प्रमाणिकरण मिति २०७८/०४/२९

**आज्ञाले,**
(भरतकुमार शर्मा)
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित



आन्तरिक मामिला तथा कानून मन्त्रालय